August 17, 2026

यो आकाशवाणी हो। राष्ट्रीय समाचार रक्षा राईबाट सुन्नुहोस्।

मुख्य समाचार

- सरकारले बैंकिङ सम्बन्धी उच्चस्तरीय समिति चाँडै गठन गर्ने
- केन्द्रिय शिक्षामन्त्रीले परीक्षा प्रोटोकलहरूको कडाईका साथ पालना गर्न दिनुभयो निर्देशन
- बिहारमा अशोक धाम मन्दिर बाहिर भक्तजनहरूमाझ भएको भागदौडमा सातको मृत्यु र दश जनाभन्दा बढी घाइते र
- पी.भी सिन्धु BWF विश्व च्याम्पियनसिपमा महिला एकल स्पर्धाको दोस्रो चरणमा प्रवेश

Committee on Banking

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा दुई दिने सार्वजनिक क्षेत्र बैंक सम्मेलनको उद्घाटन गर्दै, सरकारले विकसित भारतको दृष्टिकोण हासिल गर्न बैंकिङ सम्बन्धी उच्चस्तरीय समिति चाँडै गठन गर्ने बताउनुभयो। समितिले मुद्दा र सिफारिसहरू लिएर बैंकिङ सुधारको भविष्यको मार्ग तय गर्नेछ। वित्तमन्त्रीले छलफलको नतिजाले समितिलाई बैंकहरूको भविष्यको भूमिकामा आफ्ना सिफारिसहरू तयार गर्दा बहुमूल्य ठोस जानकारी

प्रदान गर्ने आशा व्यक्त गर्नुभयो। उहाँले थप सुधारहरूको लागि बलियो आधार प्रदान गर्न, भारतीय बैंकहरू बलियो स्थितिमा भएको, र गैर-कार्यकारी सम्पत्तिहरू सबैभन्दा कम स्तरमा भएको उल्लेख गर्नुभयो।

Prahlad Joshi NTA

केन्द्रिय शिक्षामन्त्री प्रल्हाद जोशीले आज नयाँ दिल्लीमा उच्च शिक्षा विभागका सचिव, राष्ट्रिय परीक्षण एजेन्सीका महानिर्देशक र अन्य वरिष्ठ अधिकारीहरूसँग बैठक गर्नुभयो। मन्त्रीले बैठकको क्रममा, स्थापित परीक्षा प्रोटोकलहरूको कडाईका साथ पालना सुनिश्चित गर्न निर्देशन दिनुभयो। उहाँले गोप्य सञ्चालन वास्तुकला, एकान्त कोठा, एयर-ग्याप्ड प्रणाली, उपकरण-निक्षेप प्रोटोकलहरूको पूर्ण पुनःसंरचना युद्धस्तरमा लागू गर्न पनि निर्देशन दिनुभयो। एजेन्सीलाई सबै परीक्षा प्रक्रियाहरूको गहन लेखा परीक्षण गर्न र गरिएका सुधारात्मक कारबाहीहरूको प्रतिवेदन पेश गर्न पनि निर्देशन दिइएको छ।

MeitY- APPROVALS

सरकारले इलेक्ट्रोनिक्स कम्पोनेन्ट्स म्यानुफ्याक्चरिङ स्कीम अन्तर्गत करीब सात हजार आठ सय करोड रुपैयाँको अनुमानित लगानीसहित एकतीस थप आवेदनहरूलाई स्वीकृत गरेको छ। यी स्वीकृतिहरूले नौ हजार पाँच सय भन्दा बढी रोजगारीका अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ। केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले

यी एकतीस स्वीकृतिसँगै, कम्पनीहरूको कुल एक सय छ आवेदनहरूले योजना अन्तर्गत स्वीकृति पाएका र सरकारले उनसाठी हजार करोड रुपैयाँको लगानी आकर्षित गर्ने लक्ष्य राखेको तर अहिले लक्ष्य पार गरेर उन्नतर हजार करोड रुपैयाँ प्राप्त गरेको जानकारी दिनुभयो।

National Anubhav Awards 2026

कर्मचारी, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा पन्ध्र विजेताहरूलाई राष्ट्रिय अनुभव पुरस्कार, दुई हजार छब्बीस प्रदान गर्नुभयो। पुरस्कार विजेताहरूले राष्ट्र निर्माणमा योगदान पुऱ्याउनुका साथै राहदानी सेवा केन्द्र, पुराना नियमहरू खारेज र नयाँ नियमहरूको निर्माण, प्रशासन र लेखामा प्राविधिक अनुकूलन जस्ता विभिन्न सरकारी परियोजनाहरूमा योगदान दिएका थिए।

Qatar-India remittance PosTransfer

UPI द्वारा संचालित PosTransfer मा आधारित कतार-भारत रेमिट्यान्स सेवा अब उपलब्ध भएको छ। यसले कतारका ग्राहकहरूलाई कतार पोस्ट आउटलेटहरू मार्फत भारतमा UPI-सक्षम बैंक खाताहरूमा सिधै रकम पठाउन सक्षम बनाउनेछ। सञ्चार मन्त्रालयले यस सेवाले सीमापार रेमिट्यान्सको लागि तत्काल, सुरक्षित, सुविधाजनक र पहुँचयोग्य माध्यम प्रदान गर्ने, र विशेष गरी कतारमा रहेको ठूलो भारतीय समुदाय र भारतमा रहेका उनीहरूका परिवारहरूलाई फाइदा पुर्‍याउने जानकारी दिएको छ।

BRICS

भारतको ब्रिक्स अध्यक्षतामा, देशका शहरहरूमा तीन सय पचास भन्दा बढी बैठकहरू सम्पन्न भएका छन्, जसले गर्दा विभिन्न क्षेत्रहरूमा ठोस परिणामहरू सिर्जना गरेको छ। यी संलग्नताहरूले ब्रिक्सका तीन आधार स्तम्भहरू - राजनीतिक र सुरक्षा सहयोग; वित्तीय सहयोग र; जनता-जनता साझेदारी बीचको सहकार्यलाई बलियो बनाएको छ। यसका साथै वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सचिव तन्मय कुमारले विगत दुई दशकमा ब्रिक्स गठबन्धनले बढ्दो प्रदूषण, जैविक विविधताको क्षति र विश्वव्यापी तापक्रम वृद्धि जस्ता विश्वव्यापी मुद्दाहरूलाई दबाब दिने, र वातावरणले सामना गरिरहेका

महत्वपूर्ण चुनौतीहरूको समाधानका लागि आफ्नो दृष्टिकोण परिभाषित गर्न, आर्थिक संवादबाट प्रभावशाली प्लेटफर्ममा विस्तार भएको बताउनुभएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ। GONG...

Bihar Stampede

बिहारको लखीसराय जिल्लाको अशोक धाम मन्दिर बाहिर भक्तजनहरूमाझ भएको भागदौडमा सात महिलाको मृत्यु भएको छ। घटनामा दश जनाभन्दा बढी भक्तजन गम्भीर घाइते भएका छन्।

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहले भागदौड दुर्घटनामा श्रद्धालुहरूको मृत्यु भएकोमा शोक व्यक्त गर्नुभएको छ। राष्ट्रपतिले शोकमा परेका परिवारहरूप्रति गहिरो समवेदना व्यक्त गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको लागि पनि प्रार्थना गर्नुभयो। उपराष्ट्रपति र प्रधानमन्त्रीले पनि घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको प्रार्थना गर्नुभयो। प्रधानमन्त्रीले स्थानीय प्रशासनले प्रभावितहरूलाई सहयोग गरिरहेको आश्वासन दिनुभयो।

West Bengal Fire

पश्चिम बंगालको वीरभूम जिल्लाको तारापीठ प्रहरी चौकी नजिकैको एक होटलमा आज बिहान सबेरै आगलागी हुँदा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने धेरै जना घाइले भएका छन्। रिपोर्ट अनुसार, आगो पहिले होटलको रिसेप्शनमा लागेको थियो र चाँडै चार तले भवनमा फैलिएको थियो। आगो लाग्दा धेरैजसो पाहुनाहरू सुतिरहेका थिए।

Himachal Pradesh cloudburst

हिमाचल प्रदेशको चम्बा जिल्लाको आदिवासी भरमौर क्षेत्रमा बादल फाटेपछि आएको ठूलो बाढीले फलामको पुल बगाएको छ। तीव्र धाराले माँ भगवती खुन्डी वाली मन्दिरको दर्शन गर्न जाने तीर्थयात्रीहरूले प्रयोग गर्ने पैदल मार्गलाई पनि गम्भीर क्षति पुर्‍याएको छ। अहिलेसम्म कसैले पनि ज्यान गुमाएको रिपोर्ट गरिएको छैन।

IMD

भारतीय मौसम विज्ञान विभागले पश्चिम बंगाल र ओडिशामा आज भारी भन्दा भारी वर्षाको चेतावनी जारी गरेको छ। जम्मू-कश्मीर, हिमाचल प्रदेश, पूर्वी उत्तर प्रदेश, झारखण्ड र सिक्किममा भोलिसम्म धेरै भारी वर्षाको चेतावनी जारी गरिएको छ। हरियाणा,

चण्डीगढ, पञ्जाब, उत्तराखण्ड, मध्य प्रदेश, छत्तीसगढ र उत्तर पूर्वी भारतका केही भागहरूमा पनि भोलिसम्म भारी वर्षा हुने अनुमान गरिएको छ।

## Indonesia

इन्डोनेसियाको फ्लोरेस क्षेत्रमा आज बिहान पाँच दशमलव नौ परिमाणको भूकम्प गएको छ। पूर्वी इन्डोनेसियामा सात दशमलव सात परिमाणको शक्तिशाली भूकम्प गएको केही दिनपछि यो भूकम्प आएको हो। देशको राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सीले श्रृंखलाबद्ध भूकम्पका कारण मृत्यु हुनेको संख्या चौवन्न पुगेको बताएको छ।

## Badminton

भारतकी स्टार शटलर पी.भी सिन्धु नयाँ दिल्लीमा जारी BWF विश्व च्याम्पियनसिपमा महिला एकल स्पर्धाको दोस्रो चरणमा प्रवेश गरेकी छिन्। यसैबीच, महिला युगलमा, भारतकी ट्रीसा जोली र गायत्री गोपीचन्द पनि दोस्रो चरणमा प्रवेश गरेका छन्। यसअघि, एम.आर अर्जुन र हरिहरन अम्साकारुननको जोडी पुरुष युगल वर्गको दोस्रो चरणमा प्रवेश गरेका थिए।

अन्तमा मुख्य समाचार पुनः एकपल्ट

- सरकारले बैंकिङ सम्बन्धी उच्चस्तरीय समिति चाँडै गठन गर्ने
- केन्द्रिय शिक्षामन्त्रीले परीक्षा प्रोटोकलहरूको कडाईका साथ पालना गर्न दिनुभयो निर्देशन
- बिहारमा अशोक धाम मन्दिर बाहिर भक्तजनहरूमाझ भएको भागदौडमा सातको मृत्यु र दश जनाभन्दा बढी घाइते र
- पी.भी सिन्धु BWF विश्व च्याम्पियनसिपमा महिला एकल स्पर्धाको दोस्रो चरणमा प्रवेश